पोखरा लेखनाथ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
४ नं. प्रदेश, नेपाल

## पोखरा लेखनाथ महानगरपालिका कार्यालयको दृष्याबलोकन शुल्क र पार्किङ शुल्क संकलन सम्बन्धि शिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४।४।२५

पोखरा लेखनाथ महानगरपालिकाको स्वामित्वमा रहेको पोखरा लेखनाथ महानगरपालिका वडा नं. १६ दिप सेति गोर्ज व्यबस्थापन, हल्लन चौक फेवाताल क्याम्पीङ्ग साईट नजिकको स्वीमीङ्ग पूल व्यवस्थापन र वडा न.३० बेगनास ताल डेमसाईड वरपर र बेगनासताल बसपार्कको पार्किङ वापतको शुल्क संकलन कार्यको लागि शिलबन्दी बोलकबोल मार्फत ठेक्का बन्दोवस्त गर्नु परेकोले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही दृष्याबलोकन शूल्क र पार्किङ्ग शूल्क उठाउन चाहने फर्महरुले निम्न मिति र समय भित्र यस कार्यालयबाट प्रस्ताव फारम खरीद गरि तोकिएको म्याद भित्र सिलबन्दी प्रस्ताव पेश गर्ने यो सूचना जारि गरिएको छ।

### तपशिल

१. टेण्डर फारम खरीद गर्ने मिति, समय र स्थान : दर्ता भएका फर्महरुले मात्र रु १,०००। प्रति टेन्डर (फिर्ता नहुने गरी) दस्तुर बुझाइ २०७४ भाद्र ७ गते दिउसो ५ बजे सम्म खरिद गर्न पर्ने र मिति २०७४ भाद्र ९ गते दिनको १२.०० बजे सम्म यस कार्यालयको राजश्व प्रशासन शाखामा टेण्डर फारम दाखिला गरि सक्नु पर्नेछ।

२. टेण्डर खोल्ने मिति समय र स्थान : मिति २०७४ भाद्र ९ गते दिनको ३.०० बजे पो.उ.म.न.पा.कार्यालय।

३. टेण्डर खोल्दा टेण्डरवाला वा निजको प्रतिनिधि उपस्थितमा खोलिने छ। तर टेण्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि टेण्डर खोल्न बाधा पर्ने छैन।

४. टेण्डर दाखीला गर्दा आफुले कवोल गरेको रकमको ५ (पांच) प्रतिशतले हुन आउने धरौटी रकम पो.उ.म.न.पा.को मुक्तिनाथ विकाश बैंक लि. मा रहेको खाता नं. ०२०१०२००१७६५५६००००१ मा जम्मा गरी सो को सक्कल भौचर, आयकर दर्ता प्रमाण पत्र एवं मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७२।०७३ को आय कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि टेण्डर फारम साथ संलग्न हुनु पर्नेछ।

५. स्वीकृत टेण्डरले कवोल गरेको रकम ४ किस्तामा दाखीला गर्नु पर्ने छ। सो मध्ये पहिलो किस्ता अग्रीम दाखीला गर्नु पर्ने र बांकी किस्ताको लागि बैंक ग्यारन्टी दिनु पर्नेछ। अन्य किस्ता बिबरण संभौतामा भए बमोजिम हुनेछ। कवोल रकम अग्रिम एकमुष्ठ दाखीला गरेमा १० प्रतिशत छुट दिईने छ।

६. फारम खरीद गर्ने र टेण्डर दिने अन्तिम दिन सार्वजनिक बिदा परे सो को लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुने छ।

७. टेण्डर फर्म भर्दा अंक र अक्षरमा रकम भर्नु पर्ने छ। अंक र अक्षरमा रकम घटबढ भएमा अक्षर रकमलाई मान्यता दिईने छ। केरमेट भएको ठाउमा सहिछाप गर्नु पर्नेछ।

८. टेण्डर स्वीकृत भएको मितिले ७ सात दिन भित्र पहिलो किस्ता र जमानत दाखीला गरेपछि संभौता गरिनेछ। म्याद भित्र संभौता नगरेमा राखेको धरौटी जफत गरी नियमानुसार कार्वाही अगाडी बढाईने छ।

अधिकृत

कार्यकारी अधिकृत

९. पोखरा लेखनाथ महानगरपालिका कार्यालय संग भएको सम्झौता र कार्यालयले दिएको आदेश निर्देशन अनुरुप ठेक्का संचालन गर्नु पर्नेछ । साथै आवश्यकता अनुसार सम्पुर्ण व्यवस्था सम्बन्धित व्यवसायी फर्म आफैले गर्नु पर्नेछ ।

१०. **ठेक्का नं. १ :** सेती गोर्जको दृष्यावलोकन शुल्क असुल सम्बन्धि दर रेट निम्न अनुसार रहेको छ । तोकिएको दर रेट भन्दा बढि असुल गर्न पाईने छैन । **न्युनतम कबोल अंक भ्याट बाहेक रु १० लाख रहेको छ ।**

| | |
|---|---|
| क. बिदेशि पर्यटक प्रति व्यक्ति | रु. ५० |
| ख. स्वदेशि पर्यटक प्रति व्यक्ति | रु.१५ |
| ग. बिद्यार्थी प्रति व्यक्ति | रु.१० |

११. **ठेक्का नं. २ :** हल्लन चौक फेवाताल क्याम्पीङ्ग साईट नजिकको स्वीमीङ्ग पूलको दृष्याबलोकन शुल्क असुल सम्बन्धि दर रेट निम्न अनुसार रहेको छ । तोकिएको दर रेट भन्दा बढि असुल गर्न पाईने छैन । **न्युनतम कबोल अंक भ्याट बाहेक रु ५ लाख रहेको छ ।**

| | |
|---|---|
| क. बिदेशि पर्यटक प्रति व्यक्ति | रु. ५० |
| ख. स्वदेशि पर्यटक प्रति व्यक्ति | रु.२० |
| ग. बिद्यार्थी प्रति व्यक्ति | रु.१० |

१२. **ठेक्का नं. ३ :**वेगनासताल बसपार्क, बेगनासताल बांध देखि पश्चिमपट्टी ग्राण्ड होटल अगाडिको क्षेत्र र ढोडकुना क्षेत्र वरपर पार्किङ शुल्क असुल सम्बन्धि प्रतिदिन दर रेट निम्न अनुसार रहेको छ । तोकिएको दर रेट भन्दा बढि असुल गर्न पाईने छैन । **न्युनतम कबोल अंक भ्याट बाहेक रु ५ लाख ५० हजार कायम गरिएको छ ।**

| | |
|---|---|
| क. निजी तथा भाडाका ट्रक, बस र ट्रयाक्टर | रु. ३० |
| ख. मिनिबस | रु. २० |
| घ. निजी , भाडाका कार, जीप टेक्सी, भ्यान | रु. १० |
| ङ) अन्य सवारी साधन, मोसा | रु. ५ |

१३. तीनवटै ठेक्का गर्न चाहने व्यवसायिक फर्मले अलग अलग रुपमा प्रस्ताव फाराम भरि अलग अलग खाममा शिलबन्दी गरि बुझाउनु पर्नेछ । टेण्डर सम्बन्धि जानकारी यस कार्यालयको वेवसाईट **www.pokharamun.gov.np** बाट पनि प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको राजश्व प्रशासन शाखा वा फोन ०६१५२०३९२ मा सम्पर्क गर्न सकिने छ ।

१४. अन्य बिषयहरु यस कार्यालय संग भएको संझौताका शर्तहरु बमोजिम हुनेछ । साथै रित नपुगेको र म्याद नाघि आएको टेण्डरमाथि कुनै कारवाही गरिने छैन । प्राप्त टेण्डर स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

कार्यकारी अधिकृत

कर अधिकृत